ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

मितिः २०८३/०६/०९
ने.सः ११४६ ञलाथ्व चतुर्दशी।

**मिति २०८३ असोज ८ गते बसेको महानगरस्तरीय विपद व्यवस्थापन समितिको बैठकको निर्णय।**

आगामी ९-१२ गतेसम्म पूर्व अनुमान गरिएको भारी वर्षा र त्यसबाट उत्पन्न हुनसक्ने विपदका सम्बन्धमा विपद् पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी देहायका कार्यहरु गर्ने, गराउने।

- सम्भावित भारी वर्षा तथा बाढीजन्य विपद्लाई मध्यनजर गर्दै एक्स्काभेटर लगायतका उपकरणहरू तयारी अवस्थामा राख्ने र आवश्यकताअनुसार तत्काल परिचालन गर्ने व्यवस्था मिलाउने।
- उद्धार सामग्री तथा अन्य आवश्यक उपकरणहरूको विवरण अद्यावधिक गरी तयारी अवस्थामा राख्ने।
- महानगरभित्र पहिचान भएका खुल्ला स्थानहरू (Open Spaces) आवश्यकताअनुसार अस्थायी आश्रयस्थलका रूपमा तयारी अवस्थामा राख्ने।
- ऱ्याफ्ट/रेस्क्यु बोट तथा लाइफ ज्याकेट लगायतका जल उद्धार सामग्रीहरू आवश्यक संख्यामा तयारी अवस्थामा राख्ने।
- सुरक्षा निकायलाई उद्धारमा थप आवश्यक उद्धार सामाग्री महानगरपालिकाद्वारा सहजीकरण गर्ने ।
- नागरिकहरुलाई सावधान र सचेत रहन माईकिङ्ग गर्ने,
- विपद् सम्भावित क्षेत्रहरुको निरन्तर निगरानी गर्ने,
- जिल्लाभरिका विपद् सूचकहरुलाई सतर्क अवस्थामा रहन सम्पर्क गर्ने
- तालिम प्राप्त स्वयम्सेवकलाई तयारी अवस्थामा रहन सम्पर्क गर्ने।
- Go Bag लगायतका आधारभूत आपत्कालीन सामग्रीको तयारी अवस्थामा राख्न नागरिकहरुलाई अपिल गर्ने।
- साईरन जडान भएका गाडीहरु सूचना प्रवाह गर्न अझ प्रभावकारी भएको हुनेभएकोले आवश्यकता अनुसार परिचालन गर्ने,
- जनप्रतिनिधि तथा कर्मचारी आवश्यक परेको वेला खटिन सक्ने गरी तयारी अवस्थामा रहने। मोवाईल नम्वरहरु सम्पर्क रहन सक्ने अवस्थामा राख्ने।
- महानगरपालिकाबाट माथि उल्लेखित विषयहरु समेटी सूचना जारी गर्ने।

Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np